# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### नेपाल राष्ट्र बैंकको ५८ औं बार्षिकोत्सव कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंकको ५८ औं बार्षिकोत्सव कार्यक्रम केन्द्रीय कार्यालयको प्राङ्गण वालुवाटारमा एक समारोहका वीच आज सम्पन्न भएको छ । बैंकका गर्भनर डा. युवराज खतिवडाले पानसमा बत्ति बाली उक्त कार्यक्रमको औपचारिक रुपमा उद्घाटन गर्नुभएको थियो ।




कार्यक्रममा डेपुटी गभर्नर गोपालप्रसाद काफ्लेले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । बैंकमा २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई कार्यक्रममा गभर्नर डा. युवराज खतिवडा र डेपुटी गभर्नर गोपालप्रसाद काफ्लेले संयुक्त रुपमा २० वर्ष सेवा उपहार तथा कदर पत्र प्रदान गर्नु भएको थियो । त्यसैगरी बैंकको वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित विभिन्न प्रतियोगिताका विजयीहरुलाई गभर्नर डा. युवराज खतिवडा र डेपुटी गभर्नर महा प्रसाद अधिकारीले संयुक्त रुपमा शिल्ड, पदक, नगद पुरस्कार तथा प्रमाणपत्रहरु वितरण गर्नु भएको थियो ।

वार्षिकोत्सवका उपलक्ष्यमा केही दिन अघि नै बैंकले आर्थिक लेख र साहित्यिक रचना प्रतियोगिता, बालचित्रकला प्रतियोगिता, व्याडमिन्टन प्रतियोगिता, अन्तर-विभागीय हाजिरी जवाफ प्रतियोगिता र अन्तर-बैंक भलिबल प्रतियोगिताहरु सञ्चालन गरेको थियो ।

कार्यक्रममा २० वर्ष सेवा उपहार प्राप्त गर्ने कर्मचारीहरुका तर्फबाट का.मु. निर्देशक श्री बिजयकृष्ण श्रेष्ठ, नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघका अध्यक्ष, नेपाल राष्ट्रिय कर्मचारी संगठन नेपाल राष्ट्र बैंकका अध्यक्ष, नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल राष्ट्र बैंकका अध्यक्ष, नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्षले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

त्यसैगरी पूर्व गर्भनरहरुको प्रतिनिधित्व गर्दै दीपेन्द्रपुरुष ढकालले बैंकले आफ्नो गरिमा कायम राख्न सफल भएको धारणा राख्दै वित्तीय स्थायित्व हासिल गर्ने र मुलुकमा वित्तीय पहुँच बढाउने कार्यमा अघि बढाएका कार्यहरुको प्रसंशा गर्नु भएको थियो ।

समारोहका सभापति तथा गभर्नर डा. युवराज खतिवडाले कार्यक्रमलाई सम्बोधन गर्नुभएको थियो । बैंकले पछिल्लो एकवर्षको अवधिमा सम्पन्न गरेका कामकारवाहीको समीक्षा प्रस्तुत गर्दै उहाँले बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थाहरुका सम्बन्धमा समेत प्रकाश पार्नु भएको थियो (गभर्नर डा. खतिवडाले दिनु भएको बक्तव्य यस बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध छ ।) कार्यक्रमको अन्त्यमा, बैंकका डेपुटी गभर्नर महाप्रसाद अधिकारीले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

२०७० बैशाख १४ गते, शनिवार

गभर्नरको कार्यालय